**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 02.06.2025**

**Sikkim Landslide**

गए साँझ लाचेन जिल्लामा सूसलाधार वर्षापछी विनाशकारी पहिरो गएकोले गर्दा छत्तेनमा भएको भारतीय सेनाको एक सैन्य शिविर पनि त्यसको चपेटामा आयो। भातीय सेनाले प्रतिकूलताको अवस्थामा पनि आफ्नो असाधारण प्रतिबद्धताको प्रदर्शन गर्दै त्वरित उद्धार कार्यहरू थालेको थियो।

चारजनालाई चोट पटक लागेको थियो भने तीन बहादुर सैन्यकर्मी- हवलदार लखविन्दर सिंह, लान्सनायक मुनीश ठाकुर र पोर्टर- अभिषेक लखाढ़ाका नश्वर अवशेषहरू फेला पारिएका छन्।

उद्दार टोलीहरू अत्यंत दुर्गम क्षेत्रमा लगातार काम गर्दै बेपत्ता 6 सैन्य कर्मीहरूलाई खोज्न प्रयासरत् छन्।

भारतीय सेनाले यस दुर्भाग्यपूर्ण घटनामा ज्यान गुमाएका वीर सैनिकहरूका परिवारजनहरूलाई आफ्नो गहिरो सम्वेदना व्यक्त गरेकोछ। दुःखको यस घड़ीमा उनीहरूलाई आवश्यक सहायता उपलब्ध गराउन हरेक प्रयास गरिन्दैछ।

यसैबीच मंगनको जिल्ला प्रशासनले अन्य लगभग 1600 पर्यटक अनि वाहनहरूलाई सुरक्षित निकालेकाछन। उनीहरूलाई फिदाँग लगिएको अनि त्यहाँबाट गान्तोक लगिने बताइएको थियो।

29 मईका दिन बादल फाट्ने र मूसलाधार वर्षाले गर्दा उत्तर सिक्किममा विकराल स्थिति उत्पन्न भएको थियो।

राज्यमा 130 मिलीमीटर भन्दा वढ़ि पानी परेकोले गर्दा लाचेन, लाचुँङ, गुरू�ोंगमार, फुलहरूको उपत्यका र जीरो पाईन्ट लगायत् मुख्य पर्यटक स्थलहरूलाई ठूलो नोक्सानी पुगेकोछ।

लाचेनमा फसेका लगभग 150 पर्यटकहरूलाई सुरक्षित निकाल्ने प्रयासहरू जारीछन्। सो क्षेत्रमा पहिरो जाने निक्कै घटनाहरू भएको खबरछ र प्रशासनले पर्यटकहरूलाई सुरक्षित होटलहरूतिर सार्ने सबै विकल्पहरूबारे विचार गरि रहेको छ।

**SKM Anniversery**

सिक्किम क्रान्तिकारी मोर्चा एसकेएम पार्टीले मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको कुशल नेतृत्वमा चुनाउ जीतेको ठीक एक वर्ष पूरा गरेकोछ।

श्री तामाङले सिक्किमका जनताको लगनशीलता, एकता र अटूट प्रतिबद्धताका लागि धन्यवाद दिनुभएको छ। सनौलो सिक्किम, समृद्ध सिक्किम र समर्थ सिक्किमको सामूहिक दृष्टिकोणलाई ध्यानमा राख्दै टीम सिक्किमको भावना अनुरूप एक साथ अघाढ़ी बढ़दै जाने उहाँले सबैसित आह्वान गर्नुभएकोछ।

**Health Camp  Pakim**

स्वास्थ्य र सहकारी विकासलाई एकसाथ ल्याउने प्रयास अन्तर्गत पाकिम जिल्लाको सहकारी विभागले बेरिङ -तारेथाँङ बहुउद्देशीय सहकारी सोसायटी लिमिटेका परिसरहरूमा आज एक स्वास्थ्य शिविरको आयोजना गर्यो।

सिक्किम राज्य स्थापनाको 50 वर्ष पूरा भएको अनि अन्तर्राष्ट्रीय सहकारी वर्ष 2025 मनाउने एक भाग अन्तर्गत सो आयोजना गरिएको थियो।

स्वास्थ्य शिविरमा सामान्य स्वास्थ्य परामर्श, दन्त सेवा, आँखाको जाँच, पारम्परिक भारतीय औषधि संबधी आयुष परामर्श अनि विशेषीकृत  स्त्रीरोग परामर्श लगायक कैयन निशुल्क चिकित्सा सेवाहरू प्रदान गरिए।

**PAKIM – VvSA**

राष्ट्रव्यापी अभियानको एक भागको रूपमा विकसित कृषि संकल्प अभियान VvSA  को चौथो दिन आज पाकिम जिल्लाको नाम्चेबुङ ब्लकका दुई प्रमुख स्थान – सुमिन लिङ्जे र आसाम लिङ्जेमा आयोजना गरिएको थियो।

कृषि तथा सरकारका योजनाहरूको बारेमा जागरूकता फैलाउने र जमीनी स्तरमा तिनीहरूको पहुँच र संतप्ति  सुनिश्चित गर्ने उदेश्यले यो कार्यक्रम संचालन भएको थियो।

यो अभियानले जागरूकता निर्माण किसान र सरकारी कर्मचारीहरू बीचको संबध मजबूत पार्ने अनि आधुनिक र स्थायी कृषि अभ्यासहरूलाई अपनाउन प्रोत्साहित गर्ने मंचको रूपमा काम गर्यो।

**VvSA Ravdong**

विकसित कृषि संकल्प अभियानको चौथो दिन आज पूर्व सिक्किमको ICAR र कृषि विज्ञान केन्द्रद्वारा गान्तोक जिल्ला अन्तर्गत रावदोङ तिन्तेक ब्लकको पातुल सिङबेल र तुमिन ग्राम पंचायत एकांशमा पनि सफलतापूर्वक आयोजना गरियो।